"स्वच्छ, सुन्दर, र समुन्नत शहर, सर्लाहीको शान लालबन्दी नगर"

# लालबन्दी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल

फोन नं.- ०४६५०११००
०४६५०१३३३
०४६५०१४४४
Email:maillalbandi@gmail.com
Web: lalbandimun.gov.np

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति : २०८१/०१/२५)

लालबन्दी नगरपालिका अन्तर्गत स्वीकृत दरवन्दीमा रिक्त रहेको देहायको पदहरु र संख्यामा करार सेवामा कर्मचारी पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले "लालबन्दी नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९" को अनुसूची- ३ बमोजिम दरखास्त फारम भरी यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र नगर कार्यपालिकाको कार्यालय, लालबन्दीमा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

माग गरिएको पदको विवरण

| विज्ञापन नं. | सेवा करारमा लिने पद | संख्या | आवश्यक न्यूनतम योग्यता | परीक्षाको किसीम |
|---|---|---|---|---|
| ०७-०८०/०८१ | नगर प्रहरी जवान | ३ | कम्तीमा आठ कक्षा उत्तीर्ण गरी नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरीको सेवावाट अवकाश प्राप्त (पेन्सन पट्टा) भई उमेर ४५(पैंतालिस) बर्ष ननाघेको। | शारीरिक तन्दुरुस्ती परीक्षा, लिखित र अन्तवार्ता |
| ०८-०८०/०८१ | कार्यालय सहयोगी | ३ | कम्तीमा आठ कक्षा उत्तीर्ण गरी उमेर १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको। | लिखित परीक्षा र अन्तर्वार्ता |
| ०९-०८०/०८१ | व्याकहोलोडर अपरेटर | १ | कम्तीमा आठ कक्षा उत्तीर्ण गरी सम्वन्धित वर्गको सवारी चालक अनुमति प्राप्त भएको | प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता |
| १०-०८०/०८१ | एक्जाभेटर अपरेटर | १ | कम्तीमा आठ कक्षा उत्तीर्ण गरी सम्वन्धित वर्गको सवारी चालक अनुमति प्राप्त भएको | प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता |

अन्य आवश्यक योग्यता र विवरण :

१. नगर प्रहरी जवानको हकमा : "लालबन्दी नगरपालिकाको नगर प्रहरी बल व्यवस्थापन कार्यविधि, २०७९(प्रथम संशोधन, २०८०)" मा भएको व्यवस्था बमोजिम :

क) उचाई, छाती र तौल : उचाई कम्तिमा पुरुषको हकमा ५ फिट २ इन्च, महिलाको हकमा ५ फिट, पुरुषको हकमा छाती सामान्य ३१ इन्च र फुलाउँदा ३३ इन्च (महिलाको हकमा लागू नहुने), तौल कम्तीमा ५० के.जी. पुरुषको हकमा र ४३ के.जी. महिलाको हकमा, आँखा -२ वा +२ भन्दा बढी/कमजोर नभएको र रङ्ग दृष्टि दोष नभएको।

ख) भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी वर्खास्त नभएको।

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

घ) निरोगिताको प्रमाणपत्र प्राप्त गरेको।

२. दरखास्त बुझाउने अन्तिम मितिः- प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनसम्म (मिति २०८१/०२/०८ गते सो दिन विदा परेमा सोको भोलिपल्ट)।

३. पारिश्रमिक तथा सुविधा:- नगरपालिकाले तोके बमोजिम।

४. करार अवधि :- २०८२ असार मसान्तसम्म (बजेटको सुनिश्चितता र कार्यसम्पादनको आधारमा थप हुन सक्ने)।

५. परीक्षा दस्तुर र फारम :- परीक्षा दस्तुर रु.५००/- (राजस्व शाखामा बुझाई आवेदन फारम लिनु पर्ने)।

६. आवेदनका साथ संलग्न गर्नु पर्ने कागजातहरु:- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, अनुभव भए सोको प्रमाणपत्रको प्रतिलिपि, नगर प्रहरीको हकमा निरोगिताको प्रमाणपत्र र अपरेटरको हकमा सम्बन्धित वर्गको सवारी चालक अनुमति पत्रको प्रतिलिपि।

७. परीक्षा सम्बन्धी जानकारी:- आवेदन फारम बुझाउने मिति समाप्त भए पश्चात सूचना प्रकाशन गरिनेछ।

८. नगर प्रहरी र अन्य पदको पाठ्यक्रम र आवेदन फारम यस कार्यालयको वेभ साइट https://www.lalbandimun.gov.np/ मा समेत उपलब्ध छ। थप जानकारीको लागि ०४६५०१३३३ मा सम्पर्क गर्न सकिनेछ।

२०८१।०१।२५

पदपूर्ति समिति संयोजक